बैठक संख्याः १९।२०८०
बैठक मितिः २०८०।०७।१७, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु :**

१. प्रस्ताव नं. १ : नगर दररेट सम्बन्धमा ।
२. प्रस्ताव नं. २ : प्रदेश सरकारबाट प्राप्त बजेट तर्फका योजना संचालन सम्बन्धमा|
३. प्रस्ताव नं. ३ : सिंगिया स्वास्थ्य चौकी निर्माण सम्बन्धमा ।
४. प्रस्ताव नं. ४ : दुर्घटना बिमा सम्बन्धमा।
५. प्रस्ताव नं. ५ : आदर्श मा.वि. रामधुनी - ६, बक्लौरीलाई शैक्षिक तथा व्यवस्थापकीय कार्यको अनुमति सम्बन्धमा |
६. प्रस्ताव नं. ६ : वडा नं. ५, वयरवन टोलको कल्भर्ट निर्माण सम्बन्धमा |
७. प्रस्ताव नं. ७ : आर्थिक सहायता सम्बन्धमा |
८. प्रस्ताव नं. ८ : लागत साझेदारीमा सार्वजनिक शौचालय निर्माण सम्बन्धमा |
९. प्रस्ताव नं. ९ : प्रसुती बिदा सम्बन्धमा |
१०. प्रस्ताव नं. १० : १६ बर्ष मुनिका बालबालिकाको लागि फुटबल प्रतियोगिता सहयोग |
११. प्रस्ताव नं. ११ : शहरी स्वास्थ्य केन्द्र वडा नं. २ मा कार्यालय सहयोगी व्यवस्थापन सम्बन्धमा |
१२. प्रस्ताव नं. १२ : अख्तियारको पत्र सम्बन्धमा |
१३. प्रस्ताव नं. १३ : रोजगार शाखाको कार्यक्रम स्वीकृति सम्बन्धमा|
१४. प्रस्ताव नं. १४ : थारु कल्याणकारिणी सभालाई आर्थिक सहयोग सम्बन्धमा |
१५. प्रस्ताव नं. १५ : रामधुनी मन्दिरमा रंगरोगन गर्ने सम्बन्धमा |
१६. प्रस्ताव नं. १६ : वडा नं. ८ भाडाका सटरको विद्युत महसुल सम्बन्धमा |

**निर्णयहरु :**

**निर्णय नं. १**

२०८० भाद्र ५ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय नं. ४ बाट रामधुनी नगरपालिकाको आ.व. २०८०|०८१ को दररेट स्वीकृत गर्ने निर्णय भएकोमा स्थानीय सरकार संचालन ऐन २०७४, को दफा १३ मा व्यवस्था भए बमोजिम रामधुनी नगरपालिकाले आ.व. २०८०|०८१ मा संचालन गर्ने निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको दररेट सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकबाट आ.व. २०८०|०८१ को लागि स्वीकृत भएको सुनसरी जिल्लाको दररेटलाई नै प्रयोग गर्ने गरी स्थानीय दररेट तोक्ने निर्णय

गरियो | साथै, चालु आ.व. २०८०|०८१ को श्रावण महिना देखि हाल सम्मको अवधिमा भए गरेका कार्यको लागि प्रयोग भएको दररेट यसै बमोजिम प्रयोग भएको मानि अनुमोदन गर्ने निर्णय गरियो |

**निर्णय नं. २**

रामधुनी नगरपालिकाको लागि कोशी प्रदेश सरकारबाट आ.व. २०८०|०८१ को लागि विनियोजित बजेटका योजनाहरुको प्राविधिक लागत अनुमान तयारी अवस्थामा राख्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो|

**निर्णय नं. ३**

रामधुनी नगरपालिका वडा नं. ३ स्थित सिंगिया स्वास्थ्य चौकी निर्माणको लागि आ.व. २०८०|०८१ मा संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) बजेट रु.८०,००,०००|- (अस्सी लाख) बिनियोजन भएकोमा उक्त स्वास्थ्य चौकी निर्माण गर्नको लागि नगरपालिकाको नाममा उपयुक्त स्थानमा निशुल्क जग्गा प्राप्तीको लागि पहल गर्न निम्न बमोजिमको समिति गठन गर्ने र नगरपालिकाको नाममा जग्गा प्राप्त भए पश्चात सो योजना निर्माण गर्ने निर्णय गरियो | साथै उक्त समितिलाई स्वास्थ्य संयोजकबाट सहजीकरण गर्ने निर्णय गरियो |

**सिंगिया स्वास्थ्य चौकीका लागि जग्गा प्राप्त समिति**

१. नगर प्रमुख, श्री शंकरलाल चौधरी - संयोजक
२. वडा अध्यक्ष, वडा नं. ३, श्री बुध नारायण चौधरी - सदस्य
३. कार्यपालिका सदस्य, श्री सुशिला ढुंगाना - सदस्य

**निर्णय नं. ४**

रामधुनी नगरपालिकाका नगर प्रमुख, नगर उप-प्रमुख लगायत सम्पूर्ण नगरसभा सदस्यहरु र कर्मचारीहरु गरी जम्मा २०५ जनाको (बिमा अवधि ०४|११|०२२ देखि ०३|११|२०२३) सामुहिक दुर्घटना बिमालेख सन् ०३|११|०२३ (वि.स. १७|०७|२०८०) मा समाप्त हुने भएकोले उक्त बिमालेख नवीकरण गर्न लाग्ने बिमा शुल्क रु.२,९३,६८२|५० (दुई लाख छ सय बयासी रुपैया पचास पैसा) उपलब्ध गराई दिन भनि दि ओरियन्टल इन्सुरेन्स कम्पनि लिमिटेडको २७७/BRT/80/81 को पत्रबाट अनुरोध भई आएकोले चालु आ.व. २०८०|०८१ मा पधाधिकारी दुर्घटना बिमा तर्फ विनियोजित बजेट रु.५,००,०००|- (पाँच लाख) मध्येबाट जन निर्वाचित प्रतिनिधि र नगरपालिकाका स्थायी, अस्थायी, करार सेवा (परियोजना समेत) र ज्यालादारी तर्फका लगायत यस अघि छुट भएका कर्मचारीहरुको संख्या समेत गर्दा गत वर्षको संख्या भन्दा बढी हुने भएकोले सम्बन्धित बिमा कम्पनिसंग समन्वय गरी सामुहिक दुर्घटना बिमा गर्ने तथा बिमा नवीकरण गर्ने निर्णय गरियो |

बैठक संख्याः १९।२०८०
बैठक मितिः २०८०।०७।१७, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ५**

रामधुनी-६ बक्लौरी स्थित श्री आदर्श माध्यमिक विद्यालयको च. नं. ३५ मिति २०८०|०७|१४ गतेको पत्रबाट सो नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत आ.व. २०७९|०८० सशर्त अनुदान मार्फत व्यवस्थापकीय तथा शैक्षिक व्यवस्थापनका लागि रु.५२,००,०००|- (बाउन्न लाख) बजेट बिनियोजन भई विद्यालयको खातामा निकाशा समेत भई सकेको हुँदा विद्यालयको स्वीकृत विद्यालय सुधार गुरुयोजनामा उल्लेख भएका तपसिल बमोजिमका कार्यक्रम संचालनार्थ कार्यादेश प्रदान गर्न अनुरोध भई आएकोले उक्त कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो |

**तपसिल**

| क्र.स. | कार्यक्रम | रकम (अनुमानित) | गुरुयोजना क्र. स. |
|---|---|---|---|
| १ | Interactive board को व्यवस्था गरी आधुनिक शिक्षण प्रविधिको प्रयोग गर्ने | १०,००,०००/ | २१ |
| २ | कम्प्युटर  खरिद (डेस्कटप) | १०,००,०००/ | २१ |
| ३ | शिक्षकहरुका लागि laptop को व्यवस्था गर्ने | १०,००,०००/ | २० |
| ४ | अंग्रेजीमाध्यम  शिक्षक. व्यवस्थापन | २,८०,०००/ | ११ |
| ५ | आया, पाले, कर्मचारीको व्यवस्था | १,७६,०००/ | १५ |
| ६ | अफिसबाट भवनको सबैतिर सुन्न सकिने गरी sound system को व्यवस्था गर्ने | ३,००,०००/ | २८ |
| ७ | नृत्य तथा कराते प्रशिक्षकको व्यवस्था | १,९२,०००/ | १२ |
| ८ | वाचनालय सहितको पुस्तकालय (राउण्ड टेबल निर्माण तथा पुस्तक खरिद) | २,००,०००/ | ४ |
| ९ | बिध्युतीय हाजिरी तथा CCTV क्यामेराको  प्रबन्ध गर्ने | २,००,०००/ | २४ |
| १० | नमुना बिद्यालय भ्रमण /अध्ययन अवलोकन भ्रमण | २,००,०००/ | २ |
| ११ | स्मार्ट tv(बोर्ड) खरिद | १,८२,०००/ | १४ |
| १२ | प्रधानाध्यापक लाई कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिमको भत्ता उपलब्ध गराउने | १,००,०००/ | कार्यक्रम कार्यन्वयन निर्देशिका पेज ४२ अनुसार |

| | | | |
|---|---|---|---|
| १३ | बिद्यालयको कार्य सम्पादन परीक्षण र सिकाइ उपलब्धिका आधारमा बिद्यालय ,प्रधानाध्यापक ,र बिषय शिक्षकहरुलाई प्रोत्साहन रकम उपलब्ध गराउने | १,००,०००/ | कार्यक्रम कार्यन्वयन निर्देशिका पेज ४२ अनुसार |
| १४ | प्रत्येक कोठामा प्राक्टिस बुक सहितको बुक कर्नरको व्यवस्था | १,००,०००/ | १९ |
| १५ | खेल सप्ताहको आयोजना | ५०,०००/ | ११ |
| १६ | उपचारात्मक शिक्षणको व्यवस्था | ५०,०००/ | १० |
| १७ | शिक्षण सिकाइमा शिक्षकलाई ICT तालिम दिई सूचना प्रविधिको प्रयोगमा बृद्दि | ४०,०००/ | ८ |
| १८ | Rest roomसुबिधा सम्पन्न बनाई स्वास्थ्य सामग्री खरिद | ३०,०००/ | १७ |
| | **जम्मा** | **५२,००,०००/ (बाउन्न लाखमात्र)** | |

**निर्णय नं. ६**

रामधुनी नगरपालिका वडा नं. ५ अन्तर्गत वयरवन टोलको कल्भर्ट निर्माण गर्दा प्राविधिक मुल्यांकन बमोजिमको रकम रु.२,१०,२४७|- (दुई लाख दस हजार दुई सय सतचालीस) चालु आ.व. २०८०|०८१ मा मर्मत सम्भार शिर्षकतर्फ विनियोजित रकम मध्येबाट सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी गर्ने निर्णय गरियो |

**निर्णय नं. ७**

रामधुनी नगरपालिकामा बसोवास गर्ने व्यक्ति तथा नगरपालिका स्थित संघसंस्थालाई स्वास्थ्य उपचार खर्च, विपद राहत, काज क्रिया सहयोग, खेलकुद सहयोग र परम्परागत पुजा सहयोग वापत चालु आ.व. २०८०|०८१ मा आर्थिक सहायता शिर्षकमा विनियोजित बजेट मध्येबाट निम्नानुसारको आर्थिक सहायता रकम तपसिल बमोजिम उपलब्ध गराउने निर्णय गरियो |

**तपसिल**

| क्र.स. | आर्थिक सहायता प्रदान गरिने व्यक्ति/संस्थाको नाम,थर /ठेगाना | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण | सम्बन्धित वडा/व्यक्ति/संस्थाको सिफारिस पत्रको च.नं. र मिति | आर्थिक सहायता रकम/जिन्सी | शिर्षक |
|---|---|---|---|---|---|
| १ | प्रकाश विश्वकर्मा /वडा नं. ७ | जंगली हात्तीले क्षति पुर्याए वापतको राहत | २०८०\|०७\|०१ | रु.१०,०००\|- | |
| २ | विचलाटोल फुटबल टिम / वडा नं. २ | खेलकुद सामाग्री सहयोग | ५९७ / २०८०\|०७\|१३ | रु.१०,०००\|- | |
| ३ | पुनम सुडी / वडा नं. १ | पतिको क्रिया खर्च सहयोग | २०८०\|०७\|१२ | रु.१०,०००\|- | |
| ४ | तेज नारायण यादव/ वडा नं. १ | पत्नी घुरन देवी थरुनीको उपचार खर्च | ५७० / २०८०\|०७\|१२ | रु. ५,०००\|- | सम्बन्धित वडाको बजेटबाट |
| ५ | प्रहरी चौकी, रामधुनी | मौलो पुजा सहयोग | २०८०\|०७\|०१ | रु.१०,०००\|- | |
| ६ | तुलसी प्रसाद आचार्य / वडा नं. ५ | आगलागीबाट क्षतिमा राहत | २०८०\|०७\|१७ | रु.१०,०००\|- | |

**निर्णय नं. ८**

नेपाल सरकार, खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, पानीपोखरी, काठमाडौंको सार्वजनिक शौचालय निर्माण गर्ने सम्बन्धमा मिति २०८०|०६|२३ गते प्रकाशित सूचनाको विषय बैठक समक्ष जानकारी भयो |

**बैठक संख्याः १९।२०८०**
**बैठक मितिः २०८०।०७।१७, समयः दिनको २:०० बजे**
**स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल**

## निर्णय नं. ९

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. १९९ मिति २०७९|०१|०३ को प्रसुती बिदा सम्बन्धी पत्रको विषय बैठकमा जानकारी भयो | उक्त सम्बन्धमा रामधुनी नगरपालिका र अन्तर्गत करार सेवामा कार्यरत महिला कर्मचारीलाई सुत्केरी हुनु अघि वा पछि ९८ (अन्ठानब्बे) दिनसम्मको तलब सहितको प्रसुती बिदा उपलब्ध गराउने निर्णय गरियो |

## निर्णय नं. १०

मर्दिखोला युनाइटेड क्लब, पैयु, पर्वत को च.नं. १७ मिति २०८०|०६|१८ गतेको पत्रबाट अनुरोध भई आए बमोजिम यस नगरपालिकाबाट १६ वर्ष मुनिका बालबालिकाहरुको लागि पुरुष फुटबल प्रतियोगितामा सहभागीता जनाउन बालबालिकासंग प्रतिस्पर्धा क्लबलाई नगर कार्यपालिकाको मिति २०८०|०६|३० गतेको बैठकबाट रु.२०,०००|- (बिस हजार) सहयोग गर्ने निर्णय भएकोमा सो रकमले बालबालिकाहरुलाई पर्वत जिल्लाको खेल संचालन स्थल सम्म आवतजावत गर्न समेत रकम अपुग हुने भएकोले खेलाडीहरुलाई यातयात खर्च वापत साबिकको निर्णयमा छुट्याइएको रकम रु.२०,०००|-  मा थप रु.५६,०००|- गरी जम्मा रु. ७६,०००|- यातायात खर्च वापत चालु आ.व. २०८०|०८१ को विभिन्न खेलकुद प्रतियोगितामा खेलाडी पठाउने शिर्षकतर्फको  रु. ५०,०००|- र अपुग हुने रु.२६,०००|- आर्थिक सहायता शिर्षकतर्फ विनियोजित बजेट मध्येबाट खेलाडीहरुलाई आतेजातेको टिकट उपलब्ध गराउने सम्बन्धित यातायात व्यवसायीलाई भुक्तानी गर्ने निर्णय गरियो |

## निर्णय नं. ११

रामधुनी नगरपालिका २ नं. वडा कार्यालयको पत्र एवं वडा समितिको निर्णय समेतबाट सोहि वडामा अवस्थित शहरी स्वास्थ्य केन्द्रमा कार्यालय सहयोगीको अभाव भई दैनिक कामकाजमा अप्ठ्यारो परेकोले कार्यालय सहयोगी व्यवस्थापन गरिदिन अनुरोध भई आएकोले चालु आ.व. २०८०|०८१ को अन्तरिक आय श्रोततर्फ विनियोजित बजेट मध्येबाट सुविधा उपलब्ध हुने गरी रामधुनी नगरपालिका, वडा नं. १ मा बसोवास गर्ने श्री अमरलाल चौधरीको छोरि श्री सुनिता कुमारी चौधरीलाई मिति २०८०|०८|०१ गतेबाट २०८० पौष मसान्त सम्मको लागि उक्त स्वास्थ्य केन्द्रमा कार्यालय सहयोगी पदमा दैनिक ज्यालादारीमा कामकाजमा लगाउने निर्णय गरियो |

## निर्णय नं. १२

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको पत्र संख्या अनु १ क/संघीय/०१८६४१/०७९-८० चलानी नं. ITH-८०८१-१८४११ मिति २०८०|०६|१९ को पत्रको बारेमा बैठकमा जानकारी भयो |

बैठक संख्याः १९।२०८०
बैठक मितिः २०८०।०७।१७,समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. १३**

रामधुनी नगरपालिका, स्थानीय रोजगार निर्देशक समितिको मिति २०८०|०६|२९ गतेको बैठकबाट सिफारिस भई आएको आ.व. २०८०|०८१ को विभिन्न वार्षिक कार्यक्रमहरु (REMI, ENSSURE, YETI, PMEP) स्वीकृत गर्ने निर्णय गरियो |

**निर्णय नं. १४**

थारु कल्याणकारिणी सभा रामधुनी नगर कार्य समितिको च.नं. ३ मिति २०८०|०६|०९ को पत्रबाट अनुरोध भई आए बमोजिम जितिया पर्वको लागि रु. ७७,९७०|-(सतहतर हजार नौ सय सतरी) चालु आ.व. २०८०|०८१ को आदिवासी जनजाती शिर्षकमा विनियोजित बजेट मध्येबाट उपलब्ध गराउने कार्यपालिका बैठकको मिति २०८०|०७|०२ मा निर्णय भएकोमा उक्त बजेट पुजीगत शिर्षक तर्फको भएकोले सो रकम चालु आ.व. २०८०|०८१ मा विविध कार्यक्रम खर्च शिर्षकतर्फ विनियोजित रकम मध्येबाट भुक्तानी गर्ने निर्णय गरियो |

**निर्णय नं. १५**

रामधुनी नगरपालिका, वडा नं. ४ स्थित रामधुनी मन्दिरलाई रंगरोगनका लागि रु.५०,०००|- (पचास हजार) चालु आ.व. २०८०|०८१ को मर्मत सम्भार शिर्षकमा विनियोजित बजेट मध्येबाट उपलब्ध गराउने निर्णय गरियो |

**निर्णय नं. १६**

रामधुनी नगरपालिका, वडा नं. ८ मा निर्मित भाडाका सटरमा प्रयोग भएको विद्युत महसुलको भुक्तानी लगायतका विषयमा के कसो भएको हो ? सो सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो |

**तपसिल**

१. वडा अध्यक्ष, वडा नं. ८ , श्री सुरेन्द्र सिंह खवास - संयोजक
२. कार्यपालिका सदस्य, श्री सरिता परियार - सदस्य
३. राजश्व शाखा प्रमुख, श्री सुबोध निरौला - सदस्य सचिव